हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १२९ पृष्ठ : ४ २०७७ मंसिर २४ गते बुधबार (Wednesday 09 December 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*हरवा चरवा महिलाको जोहो*

## विपद टार्न 'आकस्मिक बचत कोष'

**गा**उँमा अपर्झट बिरामी, गर्जो पर्दा टार्ने समस्या परेपछि चार वर्षअघिदेखि सिरहाको कुर्वा, धन्छवार, ब्रहमपुरी, नैनपुर लगायत ६ गाउँका हरवा चरवा महिलाहरूले 'महिला आपतकालीन बचत कोष' जिल्लामै उदाहरणीय बनेको छ ।

सधैभरी गिरहत (मालिक)को खेतबारीमा काम गरी गुजारा चलाउँदै आएका ती गाउँका सुत्केरी महिलालाई उपचारका लागि अस्पताल पुऱ्याउन छिमेकीसँग महंगो ब्याजदरमा ऋण माग्दा पनि नपाएपछि उनीहरूले चार वर्षअघि 'आपतकालीन कोष' खडा गरेका हुन् ।

गिरहतको खेतबारीमा काम गर्ने र बस्तुभाउ चराएपछि पाइने न्यून मजदूरीले आफूसहित जहान बालबच्चालाई एक पेट खुवाउन समेत कष्ट भेलिरहेका बधुवा मजदुर हरवा चरवा महिलाहरूले समूह बनाई मासिक १ सयका दरले बचत सुरु गरेका हुन ।

नैनपुरका २० घर परिवारका हरूवा चरूवा २० महिला दलित मुसहर सदाय महिलाहरूले सवरी बचत समूह निर्माण गरी मासिक एक सय बचत गरी खडा गरेको कोषबाट अहिलेसम्म अपर्झट पर्दा र चाहिएको बेला समुहका दुई महिला सदस्यले सो कोषको रकम सदुपयोग पनि गरिसकेका छन् ।

आपतकालीन कोषको जुक्ति भने महिलाहरूलाई हरवा चरवा सशक्तिकरणमा सक्रिय सामुदायिक विकास मञ्चले फुऱ्याई दिएका हुन् । न्यून आयश्रोत भएका र हरूवा चरूवा परिवार सो कोषका सदस्य छन् । 'गाउँमा विरामी, दुर्घटना, गर्जो पर्दा रकम निकाल्न सक्दैनथ्यौ, धेरै दुख भोग्यौ' समूहका अध्यक्ष कौशिला सदाय मुसहरलेले भनिन् 'चार वर्षअघि लहानस्थित सामुदायिक विकास केन्द्रले बचत विकास गर्न सल्लाह दिएपछि समूहको निर्णयले आपतकालीन बचत कोषको निर्माण गरेका हौं ।' उनका अनुसार जनबनीमा खटि मासिक रूपमा १ सय रूपैयाँ जोगाएर जम्मा गरेको कोषमा अहिले ६० हजार भन्दा बढी रूपैयाँ छ । उनीहरूले केही रकम अपर्झट पर्दा चलाउन समूहमा राखेका छन् भने अन्य रकम बैंकमा जम्मा गर्छन । उनले भनिन् 'अपर्झट पर्दा यही नगद लिएर काम चलाउँछौ र गर्जो टार्दछौ ।' नैनपुरका हरवा चरवा महिलाको सिको गर्दै जिल्लाका कुर्वा, ब्रम्हपुरी, धन्छवार, शान्तिपुर, मसुहरनीयाका महिलाहरूले समेत



बाँकी ३ पेजमा

## सवारी चालक लाइसेन्स नवीकरणको म्याद थपिने

**स**रकारले सवारीचालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रूट इजाजतपत्र नवीकरण म्याद थप गरेको छ । यससँगै ढिलो भएबापत बुझाउनुपर्ने शुल्क मिनाहा भएको छ । मन्त्रिपरिषद् बैठकले मंसिर मसान्तसम्मको लागि ढिलो भएबापत बुझाउनुपर्ने शुल्क मिनाहासहितको म्याद थप गरेर मंसिर मसान्तसम्म पुऱ्याएको हो । सरकारले सवारी चालक अनुमतिपत्र नवीकरण गर्ने, म्याद थप र संघको अधिकारी क्षेत्रभित्र

बाँकी ४ पेजमा




## उखुको मूल्य ६१७ रुपैयाँ कायम गर्न माग

**उ**खु किसानले बजार मूल्यको आधारमा उखुको मुल्य निर्धारण हुनुपर्ने माग गरेका छन् । उखु किसानहरूका विभिन्न चार संगठनले आइतवार जिल्ला प्रशासन कार्यालय मलंगवामार्फत कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई ज्ञापन पत्र बुझाउँदै यो वर्ष उखुको प्रतिक्वीन्टल मूल्य ६१७ रूपियाँ कायम गर्न माग गरेका हुन् ।



केही वर्षयता सरकारले प्रतिक्वीन्टल उखुको मूल्य ५३६ रूपैयाँ ५६ पैसा तोक्ने क्रममा उद्योगीले ४७१ रूपैयाँ २८ पैसा तथा सरकारले प्रतिक्वीन्टल ६५

बाँकी ३ पेजमा



Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# २० लाखमा किनेको घुम्ती शौचालय प्रयोग विहीन

**मुकेश कुमार यादव**

सिरहा । सिरहाको गोलबजार नगरपालिकाका मुख्य चोकहरूमा सार्वजनिक शौचालय छैनन् । यहाँका मुख्य चोकहरूमा हाटबजारको दिन सवारीसाधन र पैदलयात्रुको भीडभाड पनि अत्यधिक नै हुन्छ । नगरपालिकामा घुम्ति शौचालय खरिद गरेको करिब दुई वर्ष वितिसकेपनि अझै प्रयोगमा आउन सकेको छैन । पहिलो नगरसभाबाट सेवाग्राहीको आत्याधिक चापलाई मध्यनजर गर्दै आ.ब.२०७५/२०७६ मा करिब २० लाखको लागतमा खरिद गरिएका दुई वटा घुम्ती शौचालय जनप्रतिनिधि तथा कर्मचारीहरूकै लापरवाहिका कारण उपयोगविहीन हुदा स्थानियहरूलाई सास्ति खेप्नु परेको छ । खरिद गरेको एक वर्ष सम्म नगरपालिकाले मागेअनुसार डिजाइनमा निर्माण नभएको भन्दै पटक-पटक फर्काउने र केही फेरवदल गरेर ल्याउने प्रकृयामा दुई वर्ष वितेको नगर प्रमुख देवनाथ साहले बताए । उनलेभने, 'ठेकेदार कम्पनीले नगरपालिकासँग सम्झौता भएको डिजाइनमा नबने पछि दुई तीन पटक त्यसलाई 'रिमेक' गर्न लगाइयो, त्यसमा पनि भनेजस्तो भएन, पछि आफै थाकेर सामान राखें अझै प्रयोगमा ल्याउन सकिएको छैन ।'

गोलबजार र चोहर्वामा साप्तामा ४ दिन हाटबजार लाग्ने गर्छ । बजारमा नजीकका किसानहरू विहानै देखि तरकारी विक्रिको लागि र विभिन्न ठाउँबाट समान खरिदका लागि व्यवसायीहरू आउने गर्छन् । बजारमा किनमेलगर्न आउनेको लागी भनेर खरिद गरिएको घुम्ती शौचालय अझै प्रयोगमा आउन सकेको छैन । खरिद गरेको वर्षौ वितिसकेपछि नगरको लाखौं लगानीमा खरिद गरेको घुम्ती शौचालय त्यसै थन्कीएर बसेको छ । यता,गोलबजार नगरपालिका प्रमुख प्रशास्कीय अधिकृत श्रीधर केसिले राख्ने उचित ठाउँ नभएकोले शौचालय संचालन गर्न सकिएको छैन । अव साथीहरूसँग सल्लाह गरेर ठाउँ खोजेर चाँडै प्रयोगमा ल्याइने बताए ।




जिल्लामै रेडिमेट कपडाको नमुना बजारको रूपमा चिनिने गोलबजार नगरपालिकामा कपडा खरिद विक्रि गर्न आउने ग्राहकहरूको लागि उचित सार्वजानिक शौचालयको व्यवस्थापन नहुदा समस्या भएको व्यापारीहरू बताउछन । चोकमा शौच गर्न नपाएर पैदलयात्री तथा समान किनमेल गर्न आउने सेवाग्राहीहरू शौचालय खोज्दै होटलमा पुग्ने गर्छन् । तर कतिपय होटल सञ्चालकले शौच गर्न दिंदैनन् । यस्तो अवस्थामा घुम्ती शौचालय उपयोगविहीन बनाउनु राम्रो नभएको स्थानिय संतोष साहले बताए । चोकमा सार्वजनिक शौचालय नहुँदा कति ठूलो समस्या छ भन्ने सबैलाई थाहा भएको बताए ।

## विपद...

'आपतकालीन कोष' खडा गरेका छन् । ती गाउँमा गठित समूहमा १ सय ९४ हरवा चरवा महिला आबद्ध छन् । त्यस्ता ९ वटा महिला समूहमा ५ लाख ८२ हजार रूपैयाँ जम्मा भएका छन् ।

शान्तिपुर बचत समूहका अध्यक्ष जगतारैन महराले मासिक १ सय रूपैयाँका दरले जम्मा गर्दा समूह कोषमा ८४ हजार रूपैयाँ भन्दा बढी बचत भइसकेको जानकारी दिईन् । उनको समूहमा २८ हरूवा चरूवा महिला सदस्य छन् । ब्रम्हपुरी स्थित रामजानकी बचत समूहमा ८७ हजार रूपैयाँ जम्मा भइसकेको अध्यक्ष अर्चना कुमारी सिंहले जानकारी दिइन् ।

आपतकालीन कोषको रकम मानवीय आकस्मिक र आपतकालीन कामका लागि मात्र मासिक सयकडा डेढ रूपैयाँ ब्याजदरमा वितरण गरिन्छ । त्यो पनि समूहका महिला सदस्यका लागि मात्र । समूहले आपतकालीन कोषको रकम विशेष गरी बिरामी, सुत्केरी, दुर्घटना, शर्पदंश, लडेर वा आगलागी लगायतका अत्यन्त जरूरी कामका लागि तत्काल राहत र उपचार प्राप्तिका लागि मात्र दिने गरेको छ । सरस्वती समूहकी अध्यक्ष सोमनी सदाय मुसहर भन्छिन् 'आकस्मिक अलावा ब्यापार व्यवसायका लागि पनि समुहका सदस्यहरूलाई ऋण दिने गरिएको छ ।' व्यापार गर्न १५ हजार रूपैयाँ ऋण लिएकी सोनावती खत्वेले स्थानीय जातका कुखुरा पालन सुरू गरेकी छन् । हरानी सदायले १५ हजार रूपैयाँ लिएको ऋणबाट बाख्रापालन समेत सुरू गरेकी छन् । महिलाहरूले थालनी गरेको सो कार्यमा शुरूवाती दिनहरूमा त्यति वास्ता नगरे पनि अहिले समुहलाई गाउँका पुरूषहरूले पनि सहयोग गरेका छन् ।

आइएलओको सर्वेक्षण अनुसार सिरहामा १८ हजार १ सय ६० हरवा चरवा परिवार छन् । अरूको खेतमा बनिबुतो गरी गुजारा चलाउँदै आएका धनगढीमाई नगरपालिकाका-१८ का हरवाचरवा परिवारलाई उद्यमशीलताका माध्यमबाट स्वरोजगारका लागि आर्थिक सहयोग समेत दिइएको छ । जेनेभा ग्लोबलको सहयोगमा मञ्चले कृषि बधुवा (हरवा चरवा तथा कोदर्वा ) न्यूनिकरण कार्यक्रम अन्तर्गत प्रत्येक परिवारलाई १५ हजार रूपैयाँका दरले आर्थिक सहयोग दिइएको छ । नजिकैको हाट बजारमा चटपटी, तरकारी, चिया पसल लगायत साना व्यवसाय सञ्चालनका लागि तत्काल १५ हजार रूपैयाँका दरले हरवा चरवा परिवारलाई रकम उपलब्ध गराईएको मञ्चका अध्यक्ष बिनोद चौधरीले जानकारी दिए ।

साना व्यवसाय सञ्चालनका लागि हरवा चरवा परिवारका १८ महिलालाई तिनदिने उद्यमशीलता तालिम सञ्चालन गरी रकम हस्तान्तरण गरिएको उनले जानकारी दिए । उनका अनुसार ठूलठूला जग्गावालको खेतमा बँधुवा मजदुरको रूपमा काम गर्ने हरवा चरवा परिवारलाई स्वरोजगारको माध्यमबाट आर्थिक स्वतन्त्रता दिलाउन सहयोग पुऱ्याउने उद्देश्यले केही मात्रामा भए पनि आर्थिक सहयोग गरिएको हो । 'अब हामीले जमिन्दारले दिएको ज्याला र मजदुरीले मात्र बाँच्नुपर्ने अवस्था सधैंभरी नरहला' उद्यमशीलताका लागि आर्थिक सहयोग पाएकी बर्छवाकी सन्जुला कुमारी दासले भनिन् 'अब यो रकमबाट चुरी लहठी बनाई जिल्लाको विभिन्न बजारहरूमा बेचेर गुजारा चलाउँछु ।'

## उखुको...

रूपैयाँ २८ पैसा अनुदानस्वरूप किसानलाई उपलब्ध गराउने निर्णय गर्दै आइरहेको छ । अघिल्ला वर्षहरूमा भन्दा ८० रूपैयाँ बढी मूल्य कायम गर्न माग गरिएको हो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र चिनी उद्योग संघलाई बोधार्थमा राखी बुझाइएको ज्ञापन पत्रमा उखु बेचेको १५ दिनभित्र उद्योगले दिने रकम र सरकारले उपलब्ध गराउने अनुदान रकम उपलब्ध हुनुपर्ने माग गरिएको छ । यस्तै उखु किसानहरूसँग सम्बन्धित नीति निर्माण गर्दा किसान प्रतिनिधिहरूलाई अनिवार्य सहभागी गराउन, अन्नपूर्ण चिनी मिल लगायत केही चिनी मिलहरूले उखु किसानलाई भुक्तानी दिन बाँकी बक्यौता रकम तुरून्त भुक्तानी दिलाउन, अटेर गर्ने मिल मालिकलाई कारवाही गर्न, उखु खेती गर्ने किसानहरूलाई सुलभ ढंगले सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्न, उखु खेतीमा उत्पादकत्व वृद्धि गर्न गुणस्तरीय बीउ, मल, प्रविधि, सिँचाइ र औजारको व्यवस्था गर्न, अहिलेको अवस्थामा उखुलाई जातको आधारमा मूल्यमा विभेद नगरी देशभर नै उखुको एउटै मूल्य कायम गर्न पनि माग गरिएको छ । ज्ञापन पत्रमा दुई वर्षअगाडि चिनीमा आत्मनिर्भर हुन लागेको देशमा आज अरबौंको चिनी आयात भइरहेको, पाँच महिनाभन्दा बढी समय चल्ने चिनी मिल तीन महिना पनि चल्न मुस्किल पर्न थालेको, नगदे बाली भनिने उखु बेचेको पैसा लिन किसानले रोइ कराइ गर्नुपर्ने अवस्था रहेको भन्दै किसानका संघसंगठनहरूले चिन्ता व्यक्त गरेका छन् । सिरहा, सप्तरी, धनुषा, सर्लाही, महोत्तरी लगायत तराईका जिल्लामा किसानहरूले उखु खेती गर्दै आएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# सिन्धुलीको जुनार : एक क्लिकमा सबै 'फेहरिस्त'

काठमाडौंको बजारमा बिक्री हुने फलफूलको स्रोत कुन हो भनेर कसरी चिन्ने ? जुम्ला ओखरको लागि, मुस्ताङ स्याउको लागि, फर्पिङको नास्पातीको लागि र सिन्धुलीलाई जुनारको लागि प्रसिद्ध छ ।

विसं २००७ सालमा प्रजातन्त्र आएपछि तत्कालीन सरकारले देशका विभिन्न क्षेत्रलाई विशेष कृषि क्षेत्रको रूपमा विकास गरेर सोही अनुसार छुट्टाछुट्टै खेतीलाई प्रोत्साहन गर्न थाल्यो । यही बेलादेखि फलफूलको ठाउँ विशेषको ब्राण्ड विकसित हुँदै आयो ।

तर बजारमा आइपुग्ने बेलामा मुस्ताङको भनेर काश्मीरको स्याउ, जुम्लाको भनेर चिनियाँ ओखर र सिन्धुलीको भनेर रामेछाप र डडेल्धुराको जुनारले बजार पाउन थालेपछि वास्तविक पकेट क्षेत्रका किसानहरू आफ्नो ब्राण्डको नाममा भएको गलत अभ्यासप्रति चिन्तित हुन थाले ।

सिन्धुलीको चिसापानी जुनार उत्पादन कृषि सहकारी संस्थाका अध्यक्ष योगेन्द्र थापा केही वर्षअघि काठमाडौंका सुन्तलालाई जुनार भनेर बेचेको देख्दा अचम्मित भएको अनुभव सुनाउँछन् । 'डडेल्धुरादेखि धनकुटासम्मको जुनारलाई काठमाडौंवासी मीठो मानेर खान बाध्य थिए, त्योभन्दा पनि अचम्मको कुरा त सुन्तलालाई नै जुनार भनेर बेचिएको देख्दा भने साह्रै चित्त दुखेको थियो ।' केही वर्षअघिदेखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले प्राविधिक सहयोग गरी सिन्धुलीका किसानलाई जुनार उत्पादनमा प्रोत्साहन गर्‍यो । अहिले सिन्धुलीको चिसापानी जुनार उत्पादन सहकारी मातहतका किसानले मात्रै ४५ टन सम्म जुनार उत्पादन गरेका छन् । यसलाई बजारमा बेच्दा नक्कली ब्राण्डले बजार पाउने र सक्कली ब्राण्ड पछि पर्ने प्रवृत्तिलाई रोक्न ई-सत्य र ग्रिन ग्रोथ मिलेर एग्रिक्लियर नामक सफ्टवेयर मार्फत् जुनार बिक्रीको सञ्जाल तयार पारेका छन् ।

जुनारको बजारीकरणलाई व्यवस्थित गर्न ब्लकचेनमा आधारित यही प्रविधिको विकास गरेपछि चिसापानी जुनार उत्पादन कृषि सहकारी संस्थाले पनि आफ्ना किसानले उत्पादन गरेको जुनारलाई व्यवस्थित रूपमा बजारमा पठाउने काममा सहयोग गर्न थाले । अहिले बजारमा ताजा जुनार पुगोस् भन्ने उद्देश्यले ग्रिन ग्रोथले छुट्टाछुट्टै लटमा छुट्टै किसानको उत्पादनलाई बजारमा ल्याउने योजना बनाएको छ ।किसानले टिपेपछि धेरै दिन भण्डारण गर्न नपरोस् भन्नको लागि छुट्टाछुट्टै लटमा जुनार आयात गर्न लागिएको ग्रिन ग्रोथका प्रमुख सौरभ ढकाल बताउँछन् ।

**जुनारको ब्लक चेनले कसलाई हुन्छ फाइदा ?**

जुनारलाई ब्लकचेनमा आधारित प्रविधिसँग जोडेपछि किसान, उपभोक्ता लगायत सबै पक्षलाई फाइदा पुग्ने सरोकारवाला पक्षको दाबी छ । महाभारत क्षेत्रको ८०० देखि १४०० मिटर उचाइमा फलेको जुनारको स्वाद अन्य क्षेत्रको भन्दा निकै मीठो हुन्छ । तर हामीले खाने जुनार यही उचाइमा फलेको जुनार हो भनेर विश्वासिलो तरिकाले पत्ता लगाउन यो प्रविधि सहायकसिद्ध हुने निर्माण पक्षको दाबी छ ।

जुनार सुन्तला प्रजातिमा पर्ने फल हो तर सुन्तला होइन । यही कुरालाई स्थापित गराउने एवं सिन्धुलीको जुनारको ब्राण्डलाई विश्वासिलो बनाउने उद्देश्यले त्यहाँका किसान र काठमाडौंमा बिक्री वितरण गर्ने क्रममा ब्लकचेनमा आधारित प्रविधिको सहयोग लिन लागिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सिन्धुली जिल्ला इकाईका प्रमुख देवराज अधिकारीले जानकारी दिए।

यो प्रविधिले सिन्धुलीको जुनार चिन्नको लागि पहिले जस्तो टाउको दुखाउनुपर्ने अवस्थाको अन्त्य भएको ग्रिन ग्रोथका प्रमुख सौरभ ढकाल बताउँछन् । यो प्रविधिले किसान र उपभोक्ता दुवैलाई फाइदा पुग्ने उनको दाबी छ । सिन्धुलीको जुनार उत्पादक किसानहरु सम्मिलित सहकारी र ग्रिन ग्रोथको सहकार्यमा क्युआर कोडबाट नै सुन्तलाको पहिचान गर्न सकिने प्रविधिको विकास गरिएकोले अब एक क्लिकमा जुनारको सबै वृतान्त थाहा पाउन सकिने उनी बताउँछन् ।

**कसरी किन्ने काठमाडौंमा सिन्धुलीको जुनार ?**

ब्लकचेनमा आधारित प्रविधि जोडिएको जुनार काठमाडौंमा ग्रिन ग्रोथ नामक संस्थाको वेबसाइटमा गएर अर्डर गरेर लिन सकिन्छ । काठमाडौं उपत्यकामा अर्डर गरिएको १० घण्टामा घरमै उपलब्ध गराउने व्यवस्था गरिएको ढकाल बताउँछन् ।

यही प्रविधिका कारण आफूले किनेको जुनारको बारेमा केही गुनासो आयो भने सोको गुनासो पनि ग्रिन ग्रोथमार्फत् किसानसम्म पुऱ्याउन सकिने व्यवस्था गरिएको छ ।

पहिलो चरणमा सुरुवात गरिएको यो प्रविधिमा सिन्धुलीका ३४ जना किसानहरूले उत्पादन गरेको जुनारलाई समेटिने छ । यसमा दिइएको क्युआर कोड स्क्यान गरेपछि जुनार उत्पादन गर्ने किसानको नाम, कति उचाइमा फलेको, कहिले टिपेको, कहिले प्याकेजिङ गरिएको र कति किलोमिटरको यात्रा गरेको जस्ता विवरण समेत आफ्नै मोबाइलमा थाहा पाउन सकिने ढकाल बताउँछन् ।

**'कार्टुनमा लेख्ने प्रविधिको डिजिटाइज रूप'**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सिन्धुली जिल्ला सुपरजोन कार्यान्वयन इकाईका प्रमुख देवराज अधिकारी यो प्रविधि कार्टुनमा उत्पादनसम्बन्धी विवरण लेख्ने प्रविधिको डिजिटल भर्सन जस्तै रहेको बताउँछन् । 'यो धेरै र विश्वासिलो सूचनाको ब्लक हो । यसले उत्पादनको सूचना उपभोक्तासम्म पुऱ्याउने र उपभोक्ताको गुनासो कलेक्टर हुँदै फेरि किसानसम्म पुऱ्याउने दोहोरो सञ्चार पद्धतिको सुरुवात गरेको छ ।' निकट भविष्यमा नै सिन्धुलीको जुनार चीनतर्फ निर्यात गर्ने तयारी भइरहेको भन्दै अधिकारीले त्यसको लागि पनि यो प्रविधिले मद्धत गर्ने बताए ।




**नयाँ प्रविधिपछि बजारमा क्रेज**

पछिल्लो डेढ सातामा ग्रिनग्रोथमार्फत मात्र ८ टन जुनार काठमाडौंमा बिक्री भयो । यसमध्ये सहकारी अन्तर्गतका किसानहरूको मात्रै साढे १२ सय किलो जुनार बिक्री भयो । ग्रिनग्रोथका अनुसार अघिल्लो साता साढे ६ सय केजी जुनार सिन्धुलीबाट काठमाडौं ल्याइएकोमा आइतबार दोस्रो लटको ६ सय किलो बजारमा आयो ।

अघिल्लो लटको सबै जुनार बढीमा ५ दिनमा नै सकिएको चिसापानी जुनार उत्पादन कृषि सहकारी संस्थाका अध्यक्ष थापाले बताए । सिन्धुलीको जुनार भनेर झुक्किएका उपभोक्ताहरू विश्वासिलो सूचनापद्धतिका कारण पनि आकर्षित भएका होलान्' थापाले भने 'अन्तैको उत्पादनलाई ब्राण्डेड मानेर खानुपर्ने बाध्यतालाई एग्रिक्लियरको सहयोगमा सञ्चालित नयाँ प्रविधिले हटाइदिएको छ, यो सुखद् अभ्यास हो । *अनलाईनखबरबाट*

## सवारी...

पर्ने सार्वजनिक सवारी साधनको जाँचपास र रूट इजाजत पत्रको नवीकरण गर्ने म्याद थप गरेको हो ।

यसअघि विभिन्न मितिमा भएको निर्णयानुसार सवारी चालक अनुमतिपत्र नवीकरण गर्ने म्याद भदौ मसान्तसम्म रहेको थियो । त्यसपछि लकडाउन पूर्ण रूपले नहटेको, चाडबाड तथा विविध कारणले यातायात सेवा कार्यालयहरु पूर्णरूपमा नखुल्दा सेवाग्राहीहरूले सेवा लिन असमर्थ रहेकाले सवारी चालक अनुमतिपत्र नवीकरण गर्ने म्याद थप गर्ने प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मन्त्रिपरिषदमा पेस गरेको थियो।

पछिल्लोपटक ५ साउन २०७७ मा सवारी चालक अनुमतिपत्रको नविकरण गर्ने म्याद लकडाउनको अवधिभित्र परेमा भदौ मसान्तसम्म गर्न सक्ने र सो कारणले ढिलो भएवापत बुझाउनुपर्ने शुल्क जरिवाना मिनाहा गर्ने व्यवस्था भएको थियो । त्यसअघि, कोभिड १९ का कारण सरकारले १ बैशाख २०७७ मा सवारी चालक अनुमति पत्रको नवीकरण, सवारी साधनको नवीकरण जाँचपास, सवारी साधन कर, सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षाको जरिवाना नलिने निर्णय गरेको थियो ।

यातायात व्यवसायीले सवारीचालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रूट इजाजतपत्र नवीकरण म्याद थप गर्ने निर्णण सकारात्मक भएको प्रतिक्रिया दिएका छन । तर, लकडाउनको ६ महिने अवधीको सवारी करमा विशेष छुट तथा अनुमतिपत्र, सवारी साधन जाँचपास र रूट इजाजतपत्र नविकरणमा भने छुट दिन गरेको माग सम्बोधन नभएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले जनाएको छ ।


## नविकरणको म्याद थप सम्बन्धि सूचना ।

विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण समयमा सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरण गर्न नसकिएकाहरुको लागी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार काठमाडौंको पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्)को मिति २०७७।०८।१५ गतेको निर्णयानुसार सावारी चालक अनुमतिपत्र, सवारी साधन जाँचपास र रुट ईजाजतपत्र नविकरणको म्याद मंसिर मसान्त सम्म थप गरिएको व्यहोरा सबैमा जानकारीको लागी अनुरोध छ ।

प्रदेश सरकार
प्रदेश नं. २
यातायात व्यवस्था कार्यालय
लहान, सिरहा

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)